फक्ताङलुङ गाउँपालिकाको  गाउँ सभाको तेह्रौ अधिवेशनमा मिति २०८० साल अषाढ ०९ गतेका दिन गाउँपालिका उपाध्यक्ष श्री रविन साम्रा लिम्बुले प्रस्तुत गर्नु भएको

# विनियोजन ऐन, २०८०

गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/०९



फक्ताङलुङ गाउँपालिका

गाउँ  कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ

फक्ताङलुङ गाउँपालिका

## उद्देश्य र कारण

फक्ताङलुङ गाउँपालिकामा अन्तरसरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, आन्तरिक आम्दानी तथा संचित कोषमा रहेको रकमलाई गाउँ कार्यपालिका तथा विषयगत शाखाहरुका साथै सम्पूर्ण विषयगत क्षेत्रमा न्यायोचित ढंङ्गले वितरण गर्न आवश्यक भएकाले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले अन्तरसरकरी वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानको रकम, राजस्व परिचालबाट प्राप्त आय, राजस्व बाँडफाँडबाट प्राप्त रकमका साथै संचित कोषमा रहेको रकमलाई फक्ताङलुङ गाउँपालिकाका सबै वडा तथा क्षेत्रमा न्यायोचित ढंङ्गले वितरण गरी समग्र फक्ताङलुङको सन्तुलित विकासको माध्यमबाट फक्ताङलुङबासीहरुको जीवनस्तरमा सुधार ल्याउने प्रयत्न गरिएको छ ।

रविन साम्रा लिम्बु

उपाध्यक्ष

फक्ताङलुङ गाउँपालिका

फक्ताङलुङ गाउँपालिका

# फक्ताङलुङ गाउँपालिका विनियोजन ऐन, २०८०

गाउँ सभामा पेश भएको मितिः२०८०।०३।०९
गाउँ सभाबाट स्वीकृत भएको मितिः२०८०।०३।०९

**प्रस्तावनाः** फक्ताङलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम फक्ताङलुङ गाउँ सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भः**

१.(१.१)यस ऐनको नाम "**फक्ताङलुङ गाउँपालिकाको विनियोजन ऐन, २०८०**" रहेको छ।

१.२. यो ऐन २०८० साल श्रावण १ गतेबाट प्रारम्भ हुनेछ।

**२.आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

२.१) आर्थिक वर्ष २०८०/०८१ को गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय समानीकरण तथा सशर्त अनुदानको रकम समेत गरी जम्मा रकम रु.**४२,९३,४६,०००।०० (अक्षरुपी बयालिस करोड त्रियानब्बे लाख छयालिस हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

२.२) यस बाहेक अन्य श्रोतबाट रकमहरु प्राप्त भएमा गाउँ कार्यपालिकाबाट स्वीकृत गराई खर्च गर्न सकिनेछ।

**३.विनियोजनः**

३.१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को फक्ताङलुङ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

३.२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट पूँजीगत शीर्षकमा

फक्ताङलुङ गाउँपालिका

२५(पच्चिस) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालू तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

३.३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षबबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ (पच्चिस) प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ।

फक्ताङलुङ गाउँपालिका

# अनुसूची १

## दफा २ सँग सम्बन्धित

## नेपालको संविधानको धारा २२९(२)  बमोजिम

## संचित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.स. | अनुदान शिर्षक | संघीय राजस्व बाँडफाड | प्रदेश राजस्व बाँडफाड | संघीय समानिकरण अनुदान | प्रदेश समानिकरण अनुदान | आन्तरिक आम्दानी | संघीय सशर्त अनुदान | प्रदेश सशर्त अनुदान | संघीय विशेष अनुदान | प्रदेश समपुरक अनुदान | गत बर्षको मौज्दात | जम्मा रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फक्ताङलुङ गाउँपालिका | ९६६८८.८ | ६१४७ | ९४४०० | ५८३५ | ४१०० | १८८९०० | १९७५ | १०५०० | ५३०० | ७५०० | ४२९३४६ |

नोटः विनियोजित बजेटको विस्तृत विवरणहरु अनुसूचीमा संलग्न राखिएकोछ।

आज्ञाले

नवीन तेम्वे

प्रमुख प्रशासकीय अधिकृत

फक्ताङलुङ गाउँपालिका